जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: १३९ पृष्ठ: ४ | २०८३ असोज ०६ मंगलबार (Tuesday 22 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

शिक्षामन्त्रीको निरीक्षणपछि बस्तीपुर माविको मुहार फेरिने अपेक्षा



जीवछ यादव

लहान, ३ असोज। लहान नगरपालिका वडा नं.-१४ मा रहेको श्री बस्तीपुर माध्यमिक विद्यालय बस्तीपुरको पुरानो साख फर्किने आशा जागेको छ। विसं. २००४ सालमा स्थापना भएको उक्त विद्यालयमा शिक्षा मन्त्री सस्मित पोखरेल विद्यालयमा पुगेर निरिक्षण गर्नुभएपछि पुरानो साख फर्किने आशा जागेको स्थानीयबासीको भनाइ छ।

तीन दशक आगाडि तीन हजारभन्दा बढी विद्यार्थी अध्ययनरत उक्त विद्यालयमा हाल ८०२ जना विद्यार्थी छन्। लहान वडा नं.-१४ का वडाध्यक्ष धनिकलशल यादवका अनुसार निजी विद्यालयमा अंग्रेजी मोहले विद्यार्थी संख्या घटेको हो। सिरहा-१ का सांसद बब्लु गुप्ताको विशेष पहलमा गत भदौ २७ गते शिक्षा मन्त्री पोखरेलले विद्यालयको निरीक्षण गर्नुभएको हो।

निरीक्षणका क्रममा जस्तापातामुक्त र प्रविधियुक्त विद्यालय बनाउने पोखरेलले बताउनुभएपछि पुनः विद्यालयको साख फिर्ता हुने आशा जागेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुण यादवले सुनाउनुभयो। उहाँका अनुसार लहान नगरपालिकाले यस विद्यालयको साख फिर्ता गराउन अंग्रेजी माध्यममा विद्यालय सञ्चालन गरेपछि केही सुधार भएपनि ८० वर्ष पुरानो विद्यालय भवन विस्थापित गरेर नयाँ ढलानसहितको भवन आवश्यक रहेको छ।

यादवका अनुसार नेपाली कांग्रेसका बौद्धिक नेता स्वर्गीय प्रदीप गिरिका पिता मित्रलाल गिरी र पण्डित विश्वरञ्जन बाराललेे स्थापना गरेको यस विद्यालयको विकासको लागि तीन दशक आगाडि पहाडे समुदायको रेखदेख र सक्रियतामा विकास भएको थियो। पहाडे समुदाय बस्तीपुरबाट अन्यत्र सर्दै जानु र अंग्रेजी मोह असाध्यै बढेपछि विद्यालयमा विद्यार्थी संख्या घटेर दयनीय अवस्थामा पुगेको

-बाँकी तीन पेजमा

पत्रकार मुकेश यादव पितृशोकमा



गोलबजार, ५ असोज। नेपाल पत्रकार महासंघ सिरहाका सचिव तथा प्रेस सेन्टर नेपालका वरिष्ठ जिल्ला उपाध्यक्ष मुकेश यादव पितृशोकमा परेका छन्। सिरहाको गोलबजार नगरपालिका-१० निवासी यादवका पिता दुखी यादवको ७१ वर्षको उमेरमा सोमबार बिहान आफ्नै निवासमा निधन भएको हो। लामो समयदेखि मिर्गौला, मधुमेहलगायतका स्वास्थ्य समस्याबाट पीडित उनको उपचारकै क्रममा निधन भएको पारिवारिक स्रोतले जनाएको छ।

यादवको निधनप्रति नेपाल पत्रकार महासंघ सिरहा शाखा तथा स्थानीय सञ्चारकर्मीहरूले दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेका छन्। मृतक यादवको अन्तिम संस्कार सोमबार नै स्थानीय घाटमा गरिने परिवारले जनाएको छ।

यूट्युवर मनोज मानव उदयपुरबाट पक्राउ



सिरहा, ५ असोज। सिरहा प्रहरीले मनोज मानव नामले परिचित यूटवर मनोज कुमार महतोलाई पक्राउ गरेको छ। व्यक्तिको चरित्रहत्या एवम् सामजिक शान्ति भङ्ग गर्ने कार्यमा संलग्न रहेको आरोपमा उदयपुरको चतरापुल पारी एक होटलबाट प्रहरीले पक्राउ गरेको हो।

लामो समयदेखि जिल्लाका उद्योगी, व्यवसायी, जन-प्रतिनिधी, पत्रकार, नेता, राष्ट्रसेवक कर्मचारीलगायतका व्यक्ति तथा सम्प्रदाय विरुद्ध अत्यन्तै अराजक र अशिष्टि ढंगबाट बदनाम र चरित्रहत्या गर्ने मनसायले विना प्रमाण, आधारहिन, धम्कीपूर्ण र भ्रामक सामाग्री सामाजिक सञ्जालबाट पोष्ट गरी सामाजिक सद्भावक खलल पार्ने कार्य गरेको

-बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं।
- पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

राहतबाट जवाफदेहितातर्फ

रसुवाको भोटेकोशीमा भदौ १० गते आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति पुऱ्यायो। विपद्को यस्तो कठिन घडीमा देशभित्र र विदेशमा रहेका नेपालीहरूले पीडितको सहयोगका लागि हातेमालो गरेका छन्। कतारमा विभिन्न पेसा, व्यवसाय र रोजगारीमा रहेका नेपाली मुस्लिम समुदायले बाढी प्रभावितको खोज, उद्धार, राहत र पुनर्स्थापनाका लागि ४१ लाख सात हजार ७२१ रुपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गर्नु मानवीय संवेदनाको प्रशंसनीय उदाहरण हो।

तर विपद्को समयमा रकम जुटाउनु जति महत्वपूर्ण छ, त्यसको पारदर्शी र प्रभावकारी परिचालन अझ महत्वपूर्ण विषय हो। राहतका नाममा ठूलो रकम संकलन हुने तर वास्तविक पीडितसम्म त्यसको प्रभावकारी पहुँच नपुग्ने अवस्था विगतमा पनि देखिँदै आएको छ। त्यसैले अब राहत संकलनलाई मात्र उपलब्धि मान्ने होइन, संकलित रकम कहाँबाट आयो, कहाँ जम्मा भयो, कसरी खर्च भयो र त्यसबाट कति प्रभावित परिवारले लाभ पाए भन्ने प्रश्नको जवाफ खोजिनुपर्छ।

राहत सहयोग मानवीय सद्भावबाट उत्पन्न हुन्छ। सहयोग गर्ने व्यक्तिले आफ्नो कमाइको केही हिस्सा विपद्मा परेका नागरिकका लागि छुट्याउँदा उसले संस्थामाथि विश्वास गरेको हुन्छ। त्यो विश्वासको सम्मान गर्नु सहयोग प्राप्त गर्ने संस्था र राज्य दुवैको दायित्व हो। त्यसैले राहत रकमको प्रयोगमा पारदर्शिता र जवाफदेहिता कुनै अतिरिक्त प्रक्रिया होइन, अनिवार्य शर्त हो।

कतारस्थित नेपाली मुस्लिम समुदायले संकलित रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गर्नुले संस्थागत माध्यमबाट राहत परिचालन गर्ने प्रयास देखाएको छ। यसले राहत व्यवस्थापनमा व्यक्तिगतभन्दा संस्थागत प्रणालीको आवश्यकता पनि देखाउँछ। तर रकम सरकारी कोषमा जम्मा भएपछि मात्र जिम्मेवारी पूरा हुँदैन। उक्त रकम लक्षित समुदायसम्म कसरी पुग्यो, कुन क्षेत्रमा खर्च भयो र त्यसबाट पुनर्स्थापनामा कस्तो परिणाम आयो भन्ने जानकारी पनि सार्वजनिक हुनुपर्छ।

विपद्पछि राहत वितरणमा प्रायः खाद्यान्न, लत्ताकपडा, औषधि र नगद सहयोगमा ध्यान दिइन्छ। यी तत्कालीन आवश्यकता हुन्। तर बाढीले घर, खेती, पशुचौपाया, व्यवसाय र रोजगारी गुमाएका परिवारलाई केही दिनको राहतले मात्र पुनः सामान्य जीवनमा फर्काउन सकिँदैन। त्यसैले राहतपछि पुनर्स्थापना र पुनर्निर्माणको चरण आउँछ। यही चरणमा पारदर्शिता अझ बढी आवश्यक हुन्छ, किनकि दीर्घकालीन परियोजनामा ठूलो रकम परिचालन हुन्छ।

यसै सन्दर्भमा नेपाली मुस्लिम समुदायले अघि सारेको 'चेन कमान परियोजना'लाई राहतबाट आत्मनिर्भरतातर्फको प्रयासका रूपमा लिन सकिन्छ। शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, उत्पादन तथा बजारीकरणसँग जोडेर न्यूनतम एक करोड रुपैयाँको प्रारम्भिक कोष बनाउने अवधारणा अघि सारिएको छ। यस्तो परियोजनाले वास्तविक रूप लिन सके राहतमा निर्भर समुदायलाई उत्पादन र आयआर्जनतर्फ लैजान सक्ने सम्भावना छ।

राज्यको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण छ। प्रधानमन्त्री राहत कोषमा जम्मा भएको रकम प्रभावित क्षेत्रमा कसरी परिचालन हुन्छ भन्नेबारे नागरिकलाई नियमित जानकारी दिनुपर्छ। प्रभावितको वास्तविक संख्या, क्षतिको अवस्था, प्राथमिकता र खर्चको विवरण सार्वजनिक गरिएमा राहत वितरणप्रतिको विश्वास बढ्छ। राहतमा पहुँच हुने र नहुनेबीच विभेद नहोस् भन्नका लागि स्पष्ट मापदण्ड आवश्यक हुन्छ।

विपद्का बेला सामाजिक सञ्जालमार्फत सहयोग आह्वान गर्ने प्रवृत्ति बढेको छ। यसले तत्काल ठूलो रकम जुटाउन सहयोग गरे पनि त्यससँगै पारदर्शिताको प्रश्न पनि जोडिन्छ। सहयोग संकलन गर्ने सबै अभियानले रकम संकलनको उद्देश्य, बैंक खाता वा संस्थागत माध्यम, संकलित रकम र खर्चको विवरण सार्वजनिक गर्ने संस्कार विकास गर्नुपर्छ। सहयोगदाताले पनि भावनात्मक अपिलसँगै संस्थाको विश्वसनीयता र रकमको उपयोगबारे जानकारी खोज्नुपर्छ।

विपद्मा सहयोग गर्नु मानवीय कर्तव्य हो भने सहयोगको सदुपयोग प्रमाणित गर्नु संस्थागत कर्तव्य हो। त्यसैले अबको बहस 'कति राहत उठ्यो' भन्नेमा मात्र सीमित हुनु हुँदैन। 'कति रकम पीडितसम्म पुग्यो, कसरी पुग्यो, त्यसले के परिवर्तन ल्यायो र त्यसको जिम्मेवारी कसले लिन्छ' भन्ने प्रश्न पनि उत्तिकै बलियो हुनुपर्छ। राहतले विपद्को तत्कालीन पीडा कम गर्छ, तर जवाफदेहिताले संस्थामाथिको विश्वास निर्माण गर्छ। विश्वासबिनाको राहत दीर्घकालीन हुन सक्दैन। त्यसैले भोटेकोशी बाढीपछि उठेको सहयोगको भावनालाई सम्मान गर्ने सबैभन्दा राम्रो बाटो भनेकै राहतलाई पारदर्शिता, जवाफदेहिता र दिगो पुनर्स्थापनासँग जोड्नु हो। अबको आवश्यकता राहतबाट जवाफदेहितातर्फ, सहयोगबाट सशक्तीकरणतर्फ र भावनाबाट संस्थागत प्रणालीतर्फ अघि बढ्नु हो।

भोटेकोसी विध्वंस : जलवायु परिवर्तनको सवालमा धनी राष्ट्रहरूले सोच्लान् र ?

अराजकताकै कारण आज नेपाली समाज विभाजितमात्र भएको छैन एकले अर्को पक्षको अस्तित्व नै स्वीकार गर्न नचाहेको भान समेत हुन्छ



अर्जुनकुमार कार्की

चीनबाट भोटेकोसी नदी रसुवागढी हुँदै नेपाल प्रवेश गर्छ। अलि तल आएपछि यही भोटेकोसी त्रिशूली नामले चिनिन्छ। यही भदौ १० गते भोटेकोसीमा आएको अप्रत्याशित र अभूतपूर्व बाढीले विनाशकारी रूप लियो। भोटेकोसी र त्रिशूली किनारका बस्ती तथा वरपर निर्मित भौतिक पूर्वाधारमा बाढीले प्रलयकारी क्षति पुऱ्यायो। मृत्यु हुनेको संख्या १४ सय पुगिसकेको छ भने बेपत्ताको संख्या ५ हजार नाघेको छ। उद्धार कार्य जारी छ। बेपत्ताहरूमध्ये ६ सयभन्दा बढी विदेशी नागरिक छन्। घाइतेको संख्या १० हजार पुगेको छ। हजारौँ परिवार घरबारविहीन बनेका छन्।

प्रारम्भिक अनुमानअनुसार बाढीले करिब ५ खर्ब बराबरको क्षति पुऱ्याएको छ। पुनर्निर्माणका लागि करिब ७ खर्ब रुपैयाँ लाग्ने अनुमान छ। विस्तृत अध्ययनपछि मात्र वास्तविक क्षति र पुनर्निर्माणमा लाग्ने खर्च यकिन हुनेछ।

भूकम्प र बाढी : फरक अनुभव

विसं २०७२ वैशाख १२ गतेको भूकम्पपछि करिब ७ वर्षको अवधिमा पुनर्निर्माणका काम सकिएका थिए। उक्त भूकम्पपछिको पुनर्निर्माणमा अन्तर्राष्ट्रिय समुदायबाट पर्याप्त सहयोग प्राप्त भएको थियो। म स्वयं पनि नेपाल सरकारको सचिव र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सचिवका हैसियतमा उद्धार, सहायता र पुनर्निर्माणको काममा संलग्न रहने अवसर पाएको थिएँ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नेतृत्वमा ७ लाख ५० हजार निजी आवास, ७,१०० विद्यालय, ९२५ अस्पताल र ६ सय सरकारी भवन निर्माण भए जुन पहिलेका भन्दा उच्च गुणस्तरका र राम्रा बनेका छन्। प्राधिकरणले धरहरा, रानीपोखरी र काष्ठमण्डप पुनर्निर्माण गऱ्यो। साथै सुरुको संरचना र स्वरूप जस्ताको तस्तै राख्ने गरी सिंहदरबार, सर्वोच्च अदालत र मठमन्दिरको पुनर्संरचना (रेट्रोफिटिङ) पनि गऱ्यो। निष्पक्ष रूपमा हेर्ने हो भने भूकम्पपछिको पुनर्निर्माण गर्व गर्न लायक स्तरमा रह्यो र नेपालले हासिल गरेको यो उपलब्धिलाई अन्तर्राष्ट्रिय एजेन्सीहरूले उच्च मूल्यांकन गरेका छन्।

भूकम्पपछिको पुनर्निर्माणमा करिब ५ खर्ब खर्च भएको थियो। आजको मुद्रास्फीतिसँग तुलना गरेर डलरमा हिसाब गर्दा बाढीपछिको पुनर्निर्माणमा लाग्ने खर्च २०७२ सालको भूकम्पपछिको खर्च बराबरै देखिन्छ। तर दुई विपद्बीच आन्तरिक वातावरणमा ठूलो भिन्नता छ। भूकम्पमा उद्धार, सहायता र पुनर्निर्माणमा जनता एकजुट भएका थिए। देश नै जुरुक्क उठेको भान हुन्थ्यो। सबै नेपालीको अनुहारमा देश फेरि यथास्थितिमा फर्किने विश्वास देखिन्थ्यो। सामाजिक सञ्जालमै पनि नकारात्मकताभन्दा आशा र दृढता बढी देखिन्थ्यो। यतिखेर बाढीपछि देश त्यसरी एकजुट देखिँदैन। सर्वसाधारणको अनुहारमा गहिरो निराशा देखिन्छ भने अन्तर्राष्ट्रिय हातमालो पनि भूकम्पको तुलनामा कमै छ। त्यसैले यसपालि पुनर्निर्माण सहज नहुने देखिएको छ।

बाढी किन आयो ? हिमताल र हिमनदीको विज्ञान

हाम्रो देशको उत्तरी भाग हिमालले ढाकेको छ। हिमाली क्षेत्रमा हजारौँ वर्षदेखि हिमताल (ग्लेसियर लेक) र हिमनदी (ग्लेसियर) बन्दै सन्तुलनमा रहेका हुन्छन्। यो सन्तुलन बिग्रियो भने हिमताल फुट्न सक्छ, हिमनदी खस्न सक्छ र बाढीको स्वरूप लिन्छ। हिमाली क्षेत्रको कुनै गहिरो भाग (ताल) मा जम्मा भएको हिउँ बरफ बनेर हिमताल बन्छ। सयौँ वर्षअघि भूकम्प वा पहिरोका कारण बनेको प्राकृतिक बाँधले पनि हिमताल बनाउन सक्छ। यस्तो प्राकृतिक बाँध अचानक फुट्यो भने तालमा जम्मा भएको बरफको पिण्ड (आइस मास) एकैचोटि विस्फोट हुँदै बाढीका रूपमा बग्न थाल्छ। यसरी आउने बाढीले हिमतालको आकारअनुसारको क्षति पुऱ्याउँछ।

अर्कोतर्फ, हिमाली चट्टानमाथि जम्मा भएको बरफ (ग्लेसियर) मा गुरुत्वाकर्षणले तल तान्ने र चट्टान-ग्लेसियरको सतहमा हुने घर्षण (फ्रिक्सन) ले माथि तान्ने गर्दा यी दुई बलबीचको सन्तुलनमा ग्लेसियर टिकिरहेको हुन्छ। सन्तुलनमा रहेको ग्लेसियर अति सुस्त गतिमा बग्दै बिस्तारै पग्लिन्छ र त्यही पानीले सुख्खा याममा नदीको प्रवाहमा योगदान पुऱ्याउँछ। हिउँदमा फेरि हिउँ पर्छ र ग्लेसियर थपिन्छ। हिउँ पर्ने र हिमनदी बग्ने यही चक्रीय प्रणालीले वर्षा नहुने समयमा पनि हाम्रा नदीनालालाई पानीको स्रोत उपलब्ध गराइरहेको हुन्छ।

यो सन्तुलन दुई किसिमले बिग्रन सक्छ। पहिलो, भूकम्प आई ग्लेसियर अड्किएको चट्टान फुटेर चोइटियो भने चट्टानसँगै ग्लेसियरको ठूलो पिण्ड एकैचोटि खस्छ। फलतः चट्टानको भित्री भागमा सयौँ वर्षअघि परेको चिरा समयसँगै विस्तार हुँदै गई अन्ततः भूकम्पले त्यसलाई तोड्न सक्छ। दोस्रो, जलवायु परिवर्तनका कारण तापमान बढ्दै गई ग्लेसियर पग्लिँदा चट्टान-ग्लेसियरबीचको घर्षण कमजोर बन्छ र गुरुत्वाकर्षणको बलले ग्लेसियरको पिण्ड बिस्तारै तल खसाउँछ। दुवै अवस्थामा खस्ने ग्लेसियर र चट्टानको आकारले नै बाढी कति ठूलो हुने निर्धारण गर्छ।

यही भदौ १० गतेको भोटेकोसी बाढी ग्लेसियर अड्किएको चट्टान फुटेर आएको हो। खसेको ग्लेसियर र चट्टानको आकार १०-२० करोड घनमिटरसम्म रहेको अनुमान छ। यही विशाल आकारकै कारण यो बाढी यति विनाशकारी बनेको हो।

क्षतिको आकार र पुनर्निर्माणको चुनौती

भोटेकोसी बाढीले करिब ३०० मेगावाट क्षमताका सञ्चालनमा रहेका र करिब ४०० मेगावाट क्षमताका निर्माणाधीन जलविद्युत् आयोजनालाई पूर्णतः क्षति पुऱ्याएको छ। साथै २२ वटा मोटरे चल्ने पुल बगाएको छ भने ४० किलोमिटर सडकमा क्षति पुऱ्याएको छ। निजी आवास निर्माणमा सरकारले दिन सक्ने सहयोग रकम न्यून हुने निश्चित छ। त्यसैले त्यसको खर्च जुटाउने जिम्मेवारी सम्बन्धित व्यक्तिकै हुनेछ। तर बाढीले उनीहरूको सम्पूर्ण सम्पत्ति नै बगाइदिएको छ। भूकम्पले घर ढाले पनि जमिन जहाँको त्यहीँ थियो र भूकम्पपीडितहरूले आफ्नै जग्गामा पुनः घर बनाउन सक्थे। तर भोटेकोसी बाढीले घरमात्र बगाएन जग्गासमेत घर बनाउन नसकिने अवस्थामा पुऱ्याएको छ। त्यसैले निजी आवास निर्माणको कार्य निकै पीडादायी र कठिन हुने देखिन्छ।

जलविद्युत् क्षति र बिमा नगर्नुका कुतर्क

त्रिशूली नदीमा सञ्चालनमा रहेका करिब ३०० मेगावाट क्षमताका ८ वटा जलविद्युत् आयोजनामा क्षति पुगेको छ। नेपाल विद्युत् प्राधिकरणका आयोजनाहरूको बिमा सुरक्षा नरहेको समाचार आइरहेको छ। बिमा गर्ने खर्च प्राधिकरणको बजेटले धान्न नसक्ने भन्दै बिमा नगरिएका कुतर्क आएका छन्। त्रिशूली, देवीघाटजस्ता पुराना आयोजनाहरूको बिमा नगरिनुलाई केही हदसम्म तर्क स्वीकार गर्न सकिएला तर चाइनिज एक्जिम बैंकको ऋण सहयोगमा निर्माण भएको माथिल्लो त्रिशूली-३ 'ए' आयोजनाको समेत बिमा नगरिएको भने स्वीकार्य हुन सक्दैन। कुनै पनि आयोजना ऋणमा निर्माण गरिँदा ठेकेदारको 'डिफेक्ट्स लायबिलिटी पिरियड' सकिएको दिनदेखि नै त्यसको बिमा गर्ने दायित्व नेपाल विद्युत् प्राधिकरणको हुन्छ। आयोजना बनेपछि पनि बिमा नगरिनु भनेको तत्कालीन कार्यकारी निर्देशकको पदमा रहेको व्यक्ति कर्तव्यच्युत भएको हो र त्यही व्यक्तिले यसको जिम्मेवारी लिनुपर्छ।

क्षति पुगेका आयोजनामध्ये काम लाग्ने संरचना भनेको सुरुङ (टनेल) र पावरप्लान्टको क्याभर्न (भूमिगत संरचना) मात्र हो जुन जम्मा भएको लेदो (डेब्रिज) सफा गरेपछि पुनः प्रयोगमा आउनेछन्। बाँध भने पूर्णरूपमा नयाँ बनाउनुपर्नेछ। साथै सबै मेसिनरी तथा उपकरण नयाँ जडान गर्नुपर्नेछ। बाढीले नदीको सतह माथि उचाली किनारसमेत यताउता सारिदिएकाले पुरानै बहावमा फर्काउने नदी नियन्त्रण कार्य र बाँध निर्माण दुवैको लागत अत्यधिक बढ्नेछ। यी आयोजना पुनर्निर्माण गर्नु आर्थिक दृष्टिकोणले औचित्यपूर्ण हुने वा नहुने भन्ने कुरा विस्तृत अध्ययनपछि मात्र यकिन हुनेछ।

जलवायु परिवर्तनका सवालमा धनी राष्ट्रहरूले सोच्लान् र ?

सन् १७६० मा स्टिम इन्जिनको आविष्कार हुनुअघि मानिसको जीवन आफ्नै शारीरिक बलमा आधारित थियो। त्यतिबेला मानिसले प्रयोग गर्ने सबैभन्दा महत्त्वपूर्ण साधन पानीजहाज नै थियो। स्टिम इन्जिनपछि कलकारखानाको उत्पादकत्व एकाएक बढ्यो र त्यसैको सहायताले पानीजहाज र रेलगाडीको विकास भयो। त्यसपछि क्रमशः विद्युत्, इन्टर्नल कम्बस्सन इन्जिन, हवाइजहाज, जेट इन्जिन, ट्रान्जिस्टर र माइक्रोचिप, कम्प्युटर, इन्टरनेट, स्मार्टफोन, सामाजिक सञ्जाल र अहिले आर्टिफिसियल इन्टेलिजेन्सले मानिसको जीवनलाई सरल, सहज र सम्पन्न बनाउँदै लग्यो। यी सबै आविष्कार, उत्पादन र प्रयोगले कार्बन उत्सर्जन गर्छन्। विकासको गतिसँगै कार्बन उत्सर्जन र जलवायु परिवर्तनले पनि गति लिँदै गयो।

पश्चिमी मुलुकहरूले उच्चतम सम्पन्नता हासिल गरिरहँदा कार्बन उत्सर्जन र जलवायु परिवर्तन कुनै विवादको विषय बनेको थिएन। पृथ्वीको तापमान बढ्नु, समुद्रको सतह बढ्नु, ग्लेसियरहरू पग्लिनु, असामान्य मौसमी परिवर्तन हुनु, कृषि उत्पादकत्व घट्नु, जैविक विविधताको क्षय हुनु, समुद्री पानी अम्लीय हुनुजस्ता परिणामहरू जलवायु परिवर्तनकै कारण भएको विज्ञानले प्रमाणित गरेपछि मात्र सन् १९८० को दशकको आरम्भदेखि यो अन्तर्राष्ट्रिय बहसको विषय बन्न पुगेको हो।

मानिसले प्राप्त गरिसकेको सुख, सुविधा र वैभवलाई त्याग्दैन। कुनै पनि देशको सरकारले जलवायु

-बाँकी तीन पेजमा

भोटेकोसी विध्वंस...

परिवर्तन रोक्ने नाममा आफ्ना नागरिकले भोगिरहेको सुविधामा सम्झौता गर्दैन। सन् १९८० पछि विकासले तीव्र रूप लिएका चीन, भारतजस्ता मुलुकहरूले समेत कार्बन उत्सर्जन रोक्न आफ्नो विकासको मोडल परिवर्तन गरेनन्। बरु पश्चिमी मुलुकहरूकै नक्कल गरेर उन्नति हासिल गरे। जलवायु परिवर्तनको नारा जतिसुकै जोडदार रूपमा उठाइए पनि कुनै मुलुकले आफ्नो विकासको ढाँचा परिवर्तन गर्ने देखिँदैन।

जलवायु परिवर्तनमा नेपालको भूमिका नगण्य छ। तर यो हामी जलवायु परिवर्तनप्रति संवेदनशील भएर वा जलवायु अनुकूल विकास मोडल अँगालेकाले भने होइन। बरु देश विकास गर्ने हाम्रो सामर्थ्य नभएकैले हो। यो कुरा सधैँ हेक्का राख्नु जरुरी छ। "जलवायु परिवर्तनमा हाम्रो योगदान नगण्य छ, भोटेकोसीको बाढी विकसित मुलुकहरूकै क्रियाकलापको परिणाम हो, त्यसैले क्षतिपूर्ति उनीहरूले नै दिनुपर्छ" भन्ने भाष्य पढ्न, सुन्न र हेर्न पाइएको छ। तर यस्तो भाष्य अन्तर्राष्ट्रिय मञ्चमा राख्दा त्यसको सुनुवाइ होला जस्तो लाग्दैन।

आजको विश्व १९८०/९० को दशकजस्तो भाइचाराको भावनाले मुखरित नभएर विभाजित र बहुध्रुवीयतातर्फ उन्मुख छ। ध्रुव-ध्रुवबीच सम्पन्नताको होडमात्र शोइन शत्रुवत् भावनासहित एकले अर्कोलाई जित्नैपर्ने प्रतिस्पर्धा चलिरहेको छ। भर्खरै मात्र आर्टिफिसियल इन्टेलिजेन्स (ब्स्)का अगुवाहरूले आगामी १० वर्षमा यसले मानव जातिको सर्वनाश गर्न सक्ने जोखिम १० प्रतिशतभन्दा बढी रहेको र त्यसैले यसको विकास सुस्त बनाउनुपर्ने बताएका छन्। तैपनि एकले अर्कोलाई उछिल्ने होडमा कोही पनि यसमा प्रतिबद्ध देखिँदैनन्। मानव जातिकै सर्वनाश हुन सक्ने ब्स्को विकास सुस्त बनाउने विषयमै सहमति हुने सम्भावना नदेखिएका बेला जलवायु परिवर्तन रोक्न विकसित मुलुकहरूले आफ्नो विकास मोडल बदल्नेछन् भन्ने त हावादारी गफ प्रतित हुन्छ।

हामीलाई चाहिने भाष्य

हाम्रो आर्थिक अवस्था कमजो छ। विप्रेषण (रेमिट्यान्स) नआएको भए हाम्रो अर्थतन्त्र धेरै पहिल्यै धरासायी भइसक्थ्यो। भोटेकोसी बाढीपछिको पुनर्निर्माणमा आन्तरिक पुँजी परिचालन गर्न सक्ने अवस्था हामीसँग छैन। त्यसैले अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ। तर सहयोग माग्दा दम्भपूर्ण भाष्यले उल्टो परिणाम ल्याउनसक्छ। त्यसैले राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा विनम्रता र सत्यको नजिक रहने भाष्य तय गर्न आवश्यक छ –

"विकसित मुलुकहरूले गरेको आविष्कार र अङ्गीकार गरेको विकास मोडलकै परिणामस्वरूप मानिसको जीवन सरल, सहज र सम्पन्न बन्न पुगेको हो। त्यही विकास मोडलले जलवायु परिवर्तन निम्त्यायो, यो विकासले ल्याएको अनपेक्षित तर अवश्यम्भावी क्षति (कोल्याटरल ड्यामेज) हो। तथापि हाम्रो मुलुकलाई भौगोलिक अवस्थितिकै कारण जलवायु परिवर्तनले गम्भीर असर पुऱ्यायो जसका कारण हामी सधैँ जोखिममा बाँच्न बाध्य भयौँ। जलवायु परिवर्तनकै कारण भदौ १० गते आएको विनाशकारी बाढीले अकल्पनीय क्षति पुऱ्यायो।

क्षतिपछिको पुनर्निर्माणका लागि आवश्यक खर्च आन्तरिक रूपमा जुटाउन हाम्रो मात्र प्रयासले सम्भव देखिएन। बाढीबाट प्रभावित नागरिकको जीवन सामान्य बनाउन र पूर्वाधार पुनर्निर्माण गराउन अन्तर्राष्ट्रिय सहयोग अपेक्षित छ। हामी सम्पूर्ण मित्रराष्ट्र तथा बहुपक्षीय संस्थाहरूलाई सहयोगका लागि हार्दिक अनुरोध गर्छौं।" भन्नेजस्तो सन्तुलित भाष्य निर्माण गरियोस्।

विभाजित समाज र अनियन्त्रित सामाजिक सञ्जाल

बाढीपछिको आन्तरिक वातावरण मैले २०७२ सालको भूकम्पपछिको जस्तो एकताबद्ध र ऊर्जाशील देखेको छैन। बरु नेपाली समाज दुई ध्रुवमा विभाजित र प्रतिस्पर्धी जस्तो देखेको छु, यो अराजक सामाजिक सञ्जालकै देन हो। सामाजिक सञ्जाल २१औँ शताब्दीमा मानिसले हासिल गरेको सुन्दरतम उपलब्धिमध्ये एक हो। यसले मानिसलाई मानिससँग जोड्छ। संसारभर भइरहेका घटनाबारे समयमै जानकारी दिन्छ। अन्यायविरुद्ध र न्यायको पक्षमा माहोल बनाउँछ। यसको सकारात्मक प्रयोगले आम्दानी गर्न समेत सहयोग गर्छ। तर यस्तो लाभका लागि प्रयोगकर्तामा सत्य, सभ्यता र इमानदारीको अपेक्षा गरिन्छ। प्रयोगकर्ताहरू झुटा, छली, असभ्य वा बेइमान मनसायले प्रेरित भए भने यसले देश र समाजकै पतन गराउन सक्छ।

हाम्रो मुलुकमा विगत ५-७ वर्षदेखि सामाजिक सञ्जालको अधिकतम दुरुपयोग हुँदै आएको छ। गलत सूचना फैलाएरै लोकप्रिय बन्ने होडले यसलाई हेर्न नसकिने बनाएको छ। यस्तो दुरुपयोगले पार्ने नकारात्मक प्रभाव रोक्न भारत र युरोपेली जस्ता लोकतान्त्रिक मुलुकहरूले समेत सामाजिक सञ्जाललाई नियमन गरेका छन्। तर हाम्रो देशले यसलाई छाडा छाडेका कारण र देशको शिथिल अर्थतन्त्र तथा बेरोजगारीले सिर्जित हताशा र कुण्ठा यसैमा पोखिने क्रममा सामाजिक सञ्जाल अझ अराजक बन्न पुगेको हो।

यही अराजकताकै कारण आज नेपाली समाज विभाजितमात्र भएको छैन एकले अर्को पक्षको अस्तित्व नै स्वीकार गर्न नचाहेको भान समेत हुन्छ। यत्रो विनाशकारी बाढीपछि समेत नेपाली समाजलाई एक ठाउँमा उभिन स्वीकार्य देखिएन। वर्तमान सत्ता नै सामाजिक सञ्जालको दुरुपयोगकै जगमा निर्माण भएको हो। त्यसैले यसलाई नियमन गर्ने आँट गर्ला भन्ने लाग्दैन। तर सामाजिक सञ्जाललाई नियमन नगर्ने हो भने देश र समाजको पतन अवश्यम्भावी देखिन्छ। त्यससँगै सत्तामा रहनेहरूको पतन पनि निश्चित छ। त्यसैले सामाजिक सञ्जाललाई यथाशक्य चाँडो नियमन गर्नु मुलुकको कल्याणको बाटो हुनेछ।

(नेपाल सरकारका पूर्वसचिव) बाह्रखरीबाट

शिक्षामन्त्रीको ...

स्थानीय जोगी यादवले बताउनुभयो।

स्थानीय मानव अधिकारवादी राजकुमार राउतका अनुसार शिक्षा मन्त्रीको आगमन र सांसद गुप्ताको पहलले विद्यालयको पठनपाठन सुधार हुने आशा जागेको छ। शिक्षा मन्त्रीले विद्यालयको शैक्षिक र भौतिक विकासको लागि जनाउनुभएको प्रतिबद्धताले सकारात्मक उर्जा मिलेको विद्यालयका प्रधानाध्यापक शोभानन्द चौधरीले बताउनुभयो।

यूटुवर मनोज ....

आरोपमा उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रमेश बहादुर पालले जानकारी दिए।

विभिन्न व्यक्तिहरुले दिएको जाहेरीको आधारमा उनलाई पक्राउ गरेको प्रहरीको भनाई छ। साथै उनले आफूसँग अटोमेटिक हतियार रहेको र आफू पूर्व जनतान्त्रिकको लडाकुसमेत भएको भनि धम्की दिने र केही व्यक्तिहरुलाई हतियारको फोटो पठाई आपराधिक लाभसमेत लिएको भन्ने सूचनाका प्राप्त भएको प्रहरीले जनाएको छ। उनी सिरहकै लहान नगरपालिका २४का स्थायी बासिन्दा हुन्।

बिचल्लीमा सदा बस्तीका तीन परिवार



विनय कर्ण

सप्तरी, ५ असोज। राजविराज नगरपालिका-१६, बोरियास्थित सिङ्गो सदा बस्ती (मुसहरी टोल) यतिबेला शोकमा डुबेको छ। रसुवामा बाढी आएको तीन साता बितिसक्दा पनि यस बस्तीका तीन जना कामदारको अवस्था अझै अज्ञात रहँदा तिनै जनाको परिवारसँगै बस्ती नै शोक र चिन्तामा डुबेको हो।

त्रिशूली थ्री 'बी' जलविद्युत् आयोजनामा काम गर्दै आउनुभएका ४० वर्षीय बेचन सदा, ३५ वर्षीय शिवकुमार सदा र ३२ वर्षीय सुरेन्द्र सदाको अहिलेसम्म कुनै खबर नआएपछि उहाँहरूका परिवार बिचल्लीमा परेका हुन्। तिनै जना नुवाकोटको किस्पाङ गाउँपालिका-५ स्थित त्रिशूली थ्री 'बी' जलविद्युत् आयोजनामा चार महिनादेखि कामदारका रूपमा कार्यरत रहनुभएको थियो। भदौ १० गते रसुवामा आएको बाढीपछि उहाँहरू अहिलेसम्म सम्पर्कविहीन हुनुभएको छ। आमा गुमाएको एक वर्षमै बुवाको अत्तोपत्तो छैन।

सम्पर्कविहीन भएकामध्ये बेचन सदाका परिवारको पीडा झन् गहिरो छ। उहाँकी श्रीमती फुलियादेवी सदाको एक वर्षअघि क्यान्सरका कारण निधन भएको थियो। बेचनका चार सन्तानमध्ये दुई छोरी किरण र हिराको विवाह भइसकेको छ। अहिले १३ वर्षीय छोरा सुभाष र सात वर्षीय छोरी निभा बुवा फर्किएर आउने पर्खाइमा छन्। आमाको निधनपछि दुई बालबालिकाका लागि बुवा नै संसारको एक मात्र सहारा हुनुहुन्थ्यो। बाढीपछि बुवा बेचनको कुनै अत्तोपत्तो नहुँदा उहाँहरूको जीवनमा फेरि अँध्यारो छाएको छ। सुभाषले भन्नुभयो, "एक वर्षअघि आमा बित्नुभयो। त्यसपछि एक मात्र सहारा बुवा हुनुहुन्थ्यो। बुवाको पनि अहिलेसम्म कुनै खबर नआएपछि हामी बिचल्लीमा परेका छौं।" बुवा फर्केर आउने आशामा रहेका सुभाष र निभालाई अहिले दुई छाक टार्नसमेत समस्या छ। घरमा कमाउने व्यक्ति नै सम्पर्कविहीन भएपछि उहाँहरूको दैनिकी थप कष्टकर बनेको हो भने बस्तीका छिमेकी पनि यी बालबालिकाको अवस्था देखेर भावुक हुने गरेका छन्।

फोनमा अन्तिम कुराकानी

शिवकुमारको परिवारमा पनि पीडा उस्तै छ। आशा र चिन्ताका बिच २२ वर्षीय श्रीमती गुडियादेवी, १५ वर्षीय छोरा प्रकाश, १२ वर्षीय छोरी नितु, नौ वर्षीय छोरी रेणुका र छ वर्षीय छोरा जितेन बाबुको बाटो कुरिरहेका छन्। बाढी आएको दिन बिहान ६ बजे फोनमा कुरा भएको थियो। त्यो नै अन्तिम कुराकानी भएको भक्कानिँदै श्रीमती गुडियाले सुनाउनुभयो। गुडियाले भन्नुभयो, "त्यसपछि अहिलेसम्म कुनै खबर छैन।" श्रीमान्को खोजीका लागि आफू नुवाकोटसम्म पुगेको उहाँले बताउनुभयो तर कुनै अत्तोपत्तो लाग्ने अवस्था नदेखेपछि निराश भएर फर्किएको सुनाउनुभयो। श्रीमान् फर्केर आउने आशमा रहे पनि लामो समयसम्म कुनै खबर नआएपछि चिन्ता बढेको उहाँको भनाइ छ। बुवाको अवस्थाबारे चिन्तित बालबालिकाले विद्यालय जानसमेत छाडेको उहाँले बताउनुभयो। आमा गुडियाले भन्नुभयो, "बाढीमा बुवा बेपत्ता भएको खबरपछि छोराछोरी शोक र चिन्ताका कारण विद्यालयसमेत जान छाडेर घरमै बस्न थालेका छन्।"

दिन पनि अँध्यारो लाग्छ

सुरेन्द्र सदाकी २७ वर्षीय श्रीमती दरोपती देवीको पीडा पनि निकै छ। जेठ महिनामा कामका लागि नुवाकोट गएका सुरेन्द्रसँग बाढी आउनुभन्दा एक दिनअघि मङ्गलबार राति ८ बजे अन्तिम पटक श्रीमती दरोपतीको कुरा भएको थियो। दरोपतीले भन्नुभयो, "त्यसपछि उहाँसँग सम्पर्क हुन सकेको छैन्। श्रीमान्को अवस्था अहिलेसम्म पनि अज्ञात रहँदा दिनमा पनि अँध्यारो लाग्छ।" उहाँका आठ वर्षीय छोरी चाँदनी, छ वर्षीय छोरी कुसुम तथा चार वर्षीय छोरा रौनक बुवा फर्किएर आउने बाटो हेरिरहेका छन्। बुवाको अवस्थाबारे चिन्तित भएपछि विद्यालय जाने उमेरका बालबालिका समेत पढाइ छाडेर घरमै बस्न थालेका छन्। अर्काको जग्गामा घर बनाएर बस्दै आएको बताउँदै दरोपतीले मासिक एक हजार रुपियाँ जग्गाको भाडा तिर्नुपर्ने बाध्यता रहेको सुनाउनुभयो। कमाउने व्यक्ति नै सम्पर्कविहीन भएपछि घरखर्च चलाउनसमेत कठिन भएको उहाँको भनाइ छ। उहाँले चिन्ता व्यक्त गर्नुभयो, "घरखर्च र बच्चाको लालनपालन गर्न समस्या भइरहेको अवस्थामा जग्गा भाडा कहाँबाट तिर्ने।"

राहतको आग्रह

रसुवा बाढीमा सम्पर्कविहीन तिनै परिवारका सदस्य र स्थानीयले उहाँहरूको खोजी तथा उद्धारलाई तीव्र बनाउन सरकारसँग आग्रह गरेका छन्। लामो समयसम्म कुनै जानकारी नआएकाले परिवारमा बढ्दै गएको मानसिक चिन्ता र आर्थिक समस्यालाई ध्यानमा राख्दै तत्काल राहत उपलब्ध गराउनुपर्ने पनि उहाँहरूको माग छ।

सर्वोच्चको आदेश : तीन अवस्थाबाहेक हत्कडीको प्रयोग नगर्नू

पक्राउ परेको व्यक्तिले अपराध अनुसन्धानको सिलसिलामा तीन प्रकारको हानी गरेमा मात्रै हत्कडी लगाउनुपर्ने भन्दै सर्वोच्च अदालतले अरु अवस्थामा जो कोहीलाई हत्कडी नलगाउन आदेश दिएको हो।

काठमाडौं, ५ असोज। सर्वोच्च अदालतले जोखिमपूर्ण अवस्थाबाहेक पक्राउ परेका सबै व्यक्तिहरूलाई हत्कडी नलगाउन प्रहरीका नाममा आदेश जारी गरेको छ। पक्राउ परेको व्यक्तिले अपराध अनुसन्धानको सिलसिलामा तीन प्रकारको हानी गरेमा मात्रै हत्कडी लगाउनुपर्ने भन्दै सर्वोच्च अदालतले अरु अवस्थामा जो कोहीलाई हत्कडी नलगाउन आदेश दिएको हो।

पक्राउ परेको व्यक्ति भाग्ने जोखिम भएमा, उसको व्यवहार हिंसात्मक भएमा र उसले आफू वा अरुलाई क्षति पुऱ्याउनसक्ने भएमा त्यसको बस्तुनिष्ठ विश्लेषण गरेर आवश्यक परेमा मात्रै हत्कडी लगाउनू भनेको हो। न्यायाधीशहरू डा. नहकुल सुवेदी र शान्तिसिंह थापाको इजलासले प्रहरी प्रधान कार्यालयको नाममा जारी गरेको आदेशमा भनिएको छ, 'खतरासमेतको वस्तुनिष्ठ विश्लेषण गरी प्रहरी अधिकारीलाई कानूनले प्रदान गरेको जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्नका लागि हतकडी प्रयोग नगरी नहुने अपरिहार्य परिस्थिति देखिएमा मात्र सोको अभिलेख राखी हतकडी लगाउन सक्ने.....।'

सर्वोच्च अदालतले त्यसरी हत्कडी लगाउदा समेत अभिलेख राख्न प्रहरी अधिकारीहरूको नाममा आदेश दिएको छ। सर्वोच्चले हत्कडीको प्रयोग विरुद्ध परेको रिट निवेदनको अन्तिम टुंगो नलाग्दासम्म जो कोहीलाई मनमौजी रुपमा हत्कडी नलगाउन आदेश दिएको हो। जो कोही पक्राउ हुनासाथ हत्कडी लगाउने अभ्यास रहेको भन्दै सर्वोच्च अदालतले त्यस्तो काम संवैधानिक तथा कानुनी व्यवस्थाको मर्मको अनुकूल नहुने भनेको हो।

प्रहरी ऐन, २०१२ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा पक्राउ हुने व्यक्ति भाग्न खोजेमा वा जोरजुलुम गरेमा उम्कन नदिन आवश्यक बल प्रयोग गर्नसक्ने व्यवस्था छ। त्यही व्यवस्थाका आधारमा प्रहरीले पक्राउ हुने सबैलाई हत्कडी लगाएर राख्ने गरेका थिए। उनीहरूले पक्राउ परेकाहरूलाई अदालतको इजलासमा पुऱ्याउँदा मात्रै हत्कडी खोल्ने गरेका थिए। हत्कडीको गैरकानुनी प्रयोग भएको भन्दै विवेक चौधरी, रोशन आउजा र विकास यादवले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए।

सप्तरीको धर्मेश्वर अस्पतालमा दुई सुत्केरीको मृत्यु, छानबिन गर्न मन्त्रालयलाई पत्र



राजविराज, ५ असोज । सप्तरीको कञ्चनरूप नगरपालिका १२ ठेलियास्थित धर्मेश्वर हस्पिटल प्रालिमा प्रसूति गराएका दुई महिलाको मृत्यु घटनाको छानबिन गर्न जिल्ला प्रशासन कार्यालय सप्तरीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशलाई पत्राचार गरेको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले सोमबार मन्त्रालयलाई पत्र पठाउँदै दुवै महिलाको मृत्युको कारण, अस्पतालको कमीकमजोरीबाट मृत्यु भए नभएको तथा अस्पतालमा शल्यक्रियालगायत जटिल प्रकृतिका उपचार गर्न आवश्यक अनुमति, पूर्वाधार र विशेषज्ञ जनशक्ति भए-नभएको विषयमा छानबिन गर्न पत्रचार गरेको हो । प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले हस्ताक्षर गरेको पत्रमा २०८३ असोज ४ गते र भदौ १६ गते धर्मेश्वर अस्पतालमा शल्यक्रियामार्फत प्रसूति गराइएका दुई महिलाको उपचारका क्रममा मृत्यु भएको उल्लेख छ ।

पत्रअनुसार अग्निसाइर कृष्णासवरण गाउँपालिका ५ का अमितकुमार चौधरीकी २८ वर्षीया श्रीमती निर्मला चौधरीलाई असोज १ गते प्रसूति व्यथा लागेपछि अस्पताल पुर्याइएको थियो । अस्पतालमा शल्यक्रियामार्फत प्रसूति गराएपछि उनको अवस्था गम्भीर बनेको र थप उपचारका लागि अर्को अस्पतालमा रेफर गरिएको थियो । उपचारका क्रममा असोज ४ गते निर्मलाको मृत्यु भएको पत्रमा जनाएको छ ।

त्यसैगरी, सप्तकोशी नगरपालिका ११ का रामसागर खड्गाकी २८ वर्षीया श्रीमती पुष्पा खड्गालाई गत भदौ १६ गते प्रसूति व्यथापछि अस्पताल लगिएको थियो । अस्पतालमा शल्यक्रियामार्फत प्रसूति गराएपछि उनको अवस्था गम्भीर बन्दै गएपछि थप उपचारका लागि अर्को अस्पताल रेफर गरिएको थियो । उपचारका क्रममा सोही दिन पुष्पाको मृत्यु भएको प्रजिअ थापाले जानकारी दिए ।

लगातार दुई सुत्केरीको मृत्यु पछि अस्पतालमा प्रसूति तथा शल्यक्रियाको सेवा सञ्चालनका लागि आवश्यक मापदण्ड पूरा भएको छ कि छैन भन्ने प्रश्नसमेत उठेकाले जिल्ला प्रशासन कार्यालयले अस्पतालको सेवा, अनुमति, पूर्वाधार, विशेषज्ञता तथा उपचार प्रक्रियाबारे समेत छानबिन आवश्यक रहेको जनाएको छ ।

प्रशासनले मन्त्रालयलाई पठाएको पत्रमा दुवै घटनाको आवश्यक छानबिन गरी सुत्केरी महिलाको मृत्यु हुनुको वास्तविक कारण पत्ता लगाउन र अस्पतालको उपचार सेवासम्बन्धी आवश्यक पक्षसमेत अध्ययन गर्न अनुरोध गरेको छ ।

किशोरीहरूलाई ललाइफकाइ लैजाँदै गरेका भारतीय नागरिक पक्राउ



रौतहट, ५ असोज । रौतहटको ग्रामीण भेग हुँदै तीन नेपाली किशोरीलाई भारततर्फ लैजाँदै गरेको आरोपमा एक भारतीय नागरिक पक्राउ परेका छन् । परिवारलाई जानकारी नदिई मकवानपुरका तीन जना किशोरीलाई भारत लैजाँदै गरेको अवस्थामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) र प्रहरीको संयुक्त टोलीले भारतको बिहारस्थित पूर्वीचम्पारण जिल्लाको कुण्डवा चैनपुरबाट २३ वर्षीय सलाउद्दीन अन्सारीलाई पक्राउ गरेको हो ।

वीरगञ्ज-रक्सौल र गौर सीमामा सुरक्षा निगरानी कडा रहेकाले ग्रामीण तथा वैकल्पिक बाटो प्रयोग गरी किशोरीहरूलाई भारततर्फ लैजान खोजिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको भारतीय प्रहरीले जनाएको छ । पक्राउ परेका अन्सारीले किशोरीलाई प्रलोभनमा पारी भारत लैजान खोजेको आशंका गरिएको छ ।

उद्धार गरिएका तीनै जना मकवानपुर राईगाउँका हुन् । उनीहरूमा १५ वर्षीया ज्योशा राई, १६ वर्षीया नवीना परियार र १७ वर्षीया मनीषा विष्ट रहेका छन् । प्रहरीका अनुसार अन्सारीको साथबाट एउटा इलेक्ट्रिक स्कुटर, पाँच थान मोबाइल, आधार कार्ड, प्यान कार्ड, नेपाली रुपैयाँ ५१० र भारतीय रुपैयाँ ५२० बरामद भएको छ ।

पक्राउ परेका अन्सारी पूर्वीचम्पारणको ढाका थाना क्षेत्रअन्तर्गत हारूनी गाउँका बासिन्दा रहेका प्रहरीले जनाएको छ । उनीमाथि थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको छ । मोतीहारीका प्रहरी प्रमुख एसपी स्वर्ण प्रभातले अदालतबाट आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि उद्धार गरिएका किशोरीलाई नेपाल प्रहरीमार्फत अभिभावकको जिम्मा लगाइने बताएका छन् । आरोपीमाथि कानुनअनुसार कारबाही गरिने उनको भनाइ छ ।

रौतहटका प्रहरी प्रमुख एसपी सीताराम रिजालले पनि घटनाको पुष्टि गर्दै भारतीय प्रहरीसँग निरन्तर सम्पर्कमा रहेको बताए । भारततर्फको कानुनी प्रक्रिया पूरा भएपछि किशोरीहरूलाई जिल्ला प्रहरी कार्यालय गौरमा ल्याई अभिभावकको जिम्मा लगाइने उनले जानकारी दिएका छन् ।

स्वदेशी औषधी उद्योगलाई प्रतिस्पर्धी बनाउन स्पष्ट नीति आवश्यक



वीरगञ्ज, ५ असोज । क्वेस्ट फर्मास्युटिकल्सले स्थापनाको २५ वर्ष पूरा गरेको छ । सो अवसरमा कम्पनीले रजत जयन्ती समारोह आयोजना गरेको छ । बाराको छातापिपरास्थित उद्योग र वीरगञ्जस्थित कर्पोरेट कार्यालयमा कार्यरत ६०० भन्दा बढी कर्मचारीको सम्मानमा कम्पनीले विशेष समारोह आयोजना गरेको हो ।

सन् १९९९ मा स्थापना भएको क्वेस्टले सन् २००१ देखि औपचारिक रूपमा औषधी उत्पादन सुरु गरेको हो । कम्पनीले विश्व स्वास्थ्य सङ्गठनको असल उत्पादन अभ्यास (जीएमपी) अनुसार औषधी उत्पादन गर्दै आएको जनाएको छ ।

समारोहमा कम्पनीका प्रबन्ध निर्देशक उमेशलाल श्रेष्ठले गुणस्तरीय, सुरक्षित र नवीन औषधीको उत्पादन तथा वितरणमार्फत २५ वर्षदेखि नेपालको स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याउँदै आएको बताउनुभयो । उहाँले अनुसन्धान तथा विकासमा निरन्तर लगानी गर्दै नेपालमै पहिलोपटक नरम जिलेटिन क्याप्सुल र दुई तहको गोली उत्पादन प्रविधि भित्र्याएको जानकारी दिनुभयो ।

उहाँका अनुसार कम्पनीले हाल १०० भन्दा बढी ब्रान्डका जेनेरिक औषधी उत्पादन गर्दै वार्षिक ३० करोडभन्दा बढी एकाइ औषधी बजारमा उपलब्ध गराउँदै आएको छ । देशभर १५० भन्दा बढी वितरण साझेदारमार्फत करिब ३० लाख बिरामीसम्म कम्पनीका औषधी पुगिरहेको उहाँले बताउनुभयो । कम्पनीले नेपालको कुल औषधी आवश्यकताको करिब पाँच प्रतिशत हिस्सा पूरा गरिरहेको उहाँको भनाइ छ ।

कार्यक्रममा प्रतिनिधि सभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति डा। रहबर अन्सारीले स्वदेशी औषधी उद्योगलाई आत्मनिर्भर, प्रतिस्पर्धी र निर्यातमुखी बनाउन स्पष्ट सरकारी नीति तथा उद्योगमैत्री वातावरण आवश्यक रहेको बताउनुभयो । उहाँले उद्योग, रोजगारी र उत्पादन वृद्धि गर्न सरकार र निजी क्षेत्रबिच प्रभावकारी सहकार्य आवश्यक रहेको बताउनुभयो । क्वेस्टको सफलताको आधार संस्थापक सञ्चालकबीचको आपसी विश्वास र सहकार्य रहेको उल्लेख गर्दै उहाँले गुणस्तरीय औषधी उत्पादनका लागि रहेको साझा प्रतिबद्धताले कम्पनीलाई सफलतापूर्वक अघि बढाएको बताउनुभयो ।

प्रबन्ध निर्देशक श्रेष्ठले भक्तपुरमा अत्याधुनिक अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना गरी हाल आयातमा निर्भर रहेका केही औषधी स्वदेशमै उत्पादन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । भूकम्प र कोभिड-१९ महामारीजस्ता कठिन परिस्थितिमा समेत कम्पनीले औषधीको आपूर्ति निरन्तर कायम राखेको उहाँले बताउनुभयो ।

पछिल्लो समय भोटेकोशी बाढीबाट प्रभावितका लागि कम्पनीका तर्फबाट औषधी तथा आर्थिक सहयोग उपलब्ध गराइएको र कर्मचारी तथा सञ्चालकले समेत व्यक्तिगत रूपमा सहयोग गरेको उहाँले जानकारी दिनुभयो । स्वदेशी औषधी उद्योगले ठुलो परिमाणमा आयात प्रतिस्थापन गरिरहेको भए पनि उद्योग प्रवर्द्धन, औषधीको मूल्य समायोजन तथा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने स्पष्ट नीति आवश्यक रहेको उहाँले बताउनुभयो ।

समारोहमा कम्पनीका अध्यक्ष शंकरदास श्रेष्ठ तथा सञ्चालक पृथ्वीराज भण्डारी, शैलेन्द्रप्रसाद वर्मा र उत्तमकुमार श्रेष्ठले आगामी दिनमा गुणस्तरीय औषधी उत्पादन, अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिँदै स्वास्थ्य क्षेत्रमा थप योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कम्पनीका एसोसिएट निर्देशक असिमराज भण्डारीले अनुसन्धान, प्रविधि र नवप्रवर्तनमार्फत नेपाली औषधी उद्योगलाई थप प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने दिशामा नयाँ पुस्ताले काम गरिरहेको बताउनुभयो । समारोहमा क्वेस्टका उपाध्यक्ष सुरेन्द्र वातास, डा. कमलेशदत्त तथा उद्योगी-व्यवसायीले कम्पनीको २५ वर्षे यात्राबारे धारणा राख्नुभएको थियो ।

सामाजिक र आर्थिक लोकतन्त्र स्थापित नभएसम्म राजनीतिक लोकतन्त्रको अर्थ छैन : उपेन्द्र यादव



काठमाडौं, ५ असोज । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सामाजिक र आर्थिक लोकतन्त्र स्थापित नभएसम्म राजनीतिक लोकतन्त्रको कुनै अर्थ, भविष्य वा स्थायित्व नहुने बताएका छन् । सोमबार काठमाडौंमा डा रेखा यादवद्वारा लिखित निर्भरको प्रश्न कथाकृतिको लोकार्पण गर्दै अध्यक्ष यादवले सामाजिक तथा आर्थिक रूपान्तरणका लागि सबैभन्दा पहिले जनताको सामाजिक चेतनामा परिवर्तन ल्याउनु अनिवार्य हुने समेत बताए ।

समाजलाई जागृत बनाउने, सोच्न बाध्य पार्ने र रूपान्तरणको दिशा दिने सबैभन्दा शक्तिशाली अस्त्र साहित्य नै भएको धारणा उनले राखे । अहिले पनि शिक्षाबाट बञ्चित अवस्था, छोरा र छोरीबीचको असमान व्यवहार, रुढीवादिता, अज्ञानता र गरिबी/विपन्नता अझै समाजमा गहिरोसँग जरा गाडेर बसेको उनको भनाइ छ । अध्यक्ष यादवले नेपालमा विभेद, असमानता, विपन्नता र अन्याय भोगिरहेका पिछडिएका समुदायलाई न्याय दिलाउन र समाजलाई सही दिशा दिन साहित्यिक क्षेत्रबाट अझै धेरै काम गर्न बाँकी रहेको बताए ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)